फोन नं ०८३-५२३७९२

मध्यपश्चिम विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## घर भाडा लिने सम्बन्धि सूचना

प्रकाशित मिति २०७९/०८/१४

यस मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयलाई १८ देखि २२ कोठा सम्मको घर भाडामा लिनुपर्ने भएकाले निम्नानुसार शर्त पुरा गरेका घर धनिहरुवाट रितपूर्वक आवेदन आह्वान गरिन्छ । इच्छुक व्यक्तिले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा कर वाहेक प्रस्तावित मासिक घरभाडा रकम के कति दररेटमा उपलब्ध गराउन सकिन्छ सो बिषय उल्लेख गरी सिलबन्दी आवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**घरको पुर्वाधार तथा शर्तहरु :**

१. भाडामा दिने घर वीरेन्द्रनगर नगरपालीका वडा नं. ०७ र ०८ को मध्यपश्चिम विश्वविद्यालय ग्याजुयट स्कुल (केन्द्रीय क्याम्पस) रोड देखि उत्तर, इत्राम शिवालयचोक देखि पुर्व, इत्राम शंकरचोक देखि दक्षिण र इत्राम खोलाबाट पश्चिम क्षेत्रमा हुनु पर्नेछ ।
२. घर पक्की हुनु पर्ने र पक्की कम्पाउण्ड लगाएको हुनुपर्ने ।
३. घरमा कोठाको क्षेत्रफल न्यूनतम **१४३ बर्गफिट** भएको १६ वटा कोठा र न्युनतम **३९० बर्गफिट** क्षेत्रफलको कम्तिमा ३ वटा हल भएको हुनुपर्नेछ ।
४. घरमा पर्याप्त मात्रामा वाथरुप तथा ट्वाइलेट र १ वटा भान्सा कोठा भएको हुनुपर्नेछ ।
५. राम्रो वायरिङ्युक्त बिजुली तथा खानेपानीको पर्याप्त सुविधा भएको ।
६. कम्पाउण्ड भित्र न्यूनतम **११०० बर्गफिट** क्षेत्रफको गाडी पार्किङ्गको सुविधा भएको हुनुपर्ने ।
७. घर भाडाको निवेदन यस परीक्षा व्यव्स्थापन कार्यालयमा मिति २०७९ मंसिर २८ गते ४ बजेसम्म दिनुपर्नेछ ।
८. रित नपुगी वा तोकिएको मापदण्ड भन्दा कम सुविधा भएको घरधनिबाट आएका निवेदनउपर कुनै कार्वाही हुने छैन ।

**आवश्यक कागजातहरु**

१. घर धनिको निवेदन
२. घरको नक्सा पास र सम्पन्नताको प्रमाण-पत्र
३. घर भएको जग्गाको लालपुर्जा
४. घर धनीको नेपाली नागरिताको प्रमाणपत्र
५. एकिकृत सम्पत्तिकर तिरेको रसिद

2065|08|13

.............................

प्रमुख
परीक्षा व्यवस्थापन कार्यालय
परीक्षा व्यवस्थापन प्रमुख

Scanned with CamScanner